अर्जुनचौपारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अर्जुनचौपारी, स्याङ्जा

## आन्तरिक आय संकलन(सडक उपयोग सेवा शुल्क) सम्बन्धी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०३/१३

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११, उपदफा २ (घ) को ६ र अर्जुनचौपारी गाउँपालिकाको आर्थिक ऐन, २०७९ अनुसार यस गाउँपालिकाबाट आर्थिक वर्ष २०७९/०८० को लागि देहाय बमोजिको ग्रामिण सडकमा सडक उपयोग सेवा शूल्क (पटके सवारी कर) संकलन गर्नुपर्ने भएकोले ठेक्का लिन इच्छुक फर्म वा कम्पनीहरुबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी सिलबन्दी दरभाउपत्र खरिद गरी पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

**ठेक्का सम्बन्धी विवरणहरु**

| **क्र.स** | **आन्तरीक आय ठेक्का संकेत** | **ठेक्काको विषय क्षेत्र** | **सडकको नाम** | **आ.ब. २०७९/०८० को लागि न्यूनतम अंक** | **बोलपत्र फाराम दस्तुर** | **स्वीकृत दररेट प्रति ट्रिप (मु.अ.कर सहित)** | **जमानत रकम रु** |
|---|---|---|---|---|---|---|---|
| १. | 1/IR/ACRM/2079/080 | अर्जुनचौपारी गाउँपालिका क्षेत्रभित्रका सडकमा चल्ने सवारी साधनहरुको सडक उपयोग सेवा शूल्क (पटके सवारी कर) | हेलु-बलमाटा-अर्जुनचौपारी ग्रामिण सडक | **रु ९,३०,०००/- (मु.अ.कर बाहेक)** (अक्षरुपीः नौ लाख तीस हजार रुपैया मात्र) | १००० | क. ट्रक, टिप्पर र डोजरको रु २३०/,<br>ख. ट्याक्टरको रु १७५/-,<br>ग. बस तथा मिनि बसको रु ११५/-, घ. जिप, कार, भेन समेतका चार पांग्रे सवारी साधनको रु ५०/-<br>ङ.अटोरिक्साको प्रति टिप रु २०/- | मूल्य अभिबृद्धि कर सहित कबोल अंकको ५ प्रतिशतले हुने रकम |

नोटः शर्तहरु गाउँपालिकाको वेवसाईट तथा फेसबुक पेजमा अप्लोड गरिएकोले त्यहीबाट जानकारी लिनुहुन ।

शर्तहरु

1= दरभाउपत्र पेश गर्ने फर्म वा संघसंस्थाले नविकरण गरेको फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा नं., मूल्य अभिबृद्धि करदर्ता प्रमाणपत्र, आर्थिक वर्ष २०७७/०७८ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी सहित निवेदन दिई तोकिएको दस्तुर पछि फिर्ता नहुने गरी नगदै तिरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन सम्म कार्यालय समय भित्र यस कार्यालयबाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ।

2= दरभाउपत्र १६ (सोह्रौ) दिन मिति २०७९/०३/२८ गते मध्यान्ह १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गर्नु पर्नेछ। दरभाउपत्र दाखिला गर्दा शिलबन्दी गरी कार्यालयको नाम, ठेक्का नं. र कामको नाम तथा दरभाउपत्र दाताको नाम, ठेगाना स्पष्ट रुपमा खाम वाहिर उल्लेख गर्नु पर्नेछ। दरभाउपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्बजनिक विदा परेमा उक्त कार्य तत्पश्चात लगतै कार्यालय खुलेको दिनमा हुनेछ।

3= दरभाउपत्र साथ आफुले कवोल गरेको जम्मा अंकको ५ प्रतिशतले हुन आउने जमानत रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक अर्जुनचौपारीमा ग-३-१ ३२७०१००३०३००००००२ धरौटी खातामा जम्मा गरेको सक्कलै बैक भौचर वा कबोल अंकको ५% ले हुन आउने रकम त्यस कार्यालयको नाममा जारी भएको सक्कलै बैक जमानि पत्र (विड वण्ड) पेश गर्नु पर्नेछ।

4= म्याद भित्र पेश हुन आएका दरभाउपत्र पेश गर्ने अन्तिम दिन मिति २०७९/०३/२८ गते अपरान्ह १ बजे पछि दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । म्याद नाघी आएको, कार्यालयबाट बिक्री नभएको दरभाउपत्र फाराम भरी आएको, दरभाउपत्रदाताको हस्ताक्षर एवं छाप नभएको, प्रचलित कानून बमोजिम रित नपुगेको र शर्त राखी पेश भएको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

5= दरभाउपत्रमा आफुले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ। अंक र अक्षरमा रकम फरक परेमा अक्षरमा भएको रकमलाई मान्यता दिईनेछ।

6= दरभाउपत्र स्विकृत भएमा स्विकृत भएको सूचना प्राप्त भएको मितिले बाटोको म्याद वाहेक ७ (सात) दिन भित्र आफूले कवोल गरेको अंकको ५० प्रतिशत रकम नगदै वा यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक अर्जुनचौपारीमा ग-३-१ ३२७०१००३०३००००००२ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर र वाँकी ५० प्रतिशत रकमको लागि कम्तिमा २०७९ चैत्र मसान्त सम्म म्याद भएको मान्यता प्राप्त बैंकबाट जारी भएको परफरमेन्स बण्ड पेश गरि ठेक्का कबुलियत गर्न आउनु पर्नेछ। तर सम्झौताको समयमा कवोल गरेको सम्पूर्ण रकम एकमूष्ठ बुझाउनेको हकमा बैंक जमानत आवश्यक पर्ने छैन, साथै कवोल अंकमा १० प्रतिशत छुट दिईनेछ । यसरी छुट दिदा न्यूनतम कबोल अंक भन्दा कम रकम हुने गरि छुट दिइने छैन । सम्झौताको समयमा ५० प्रतिशत रकम बुझाउनेको हकमा कवोल अंकको ५० प्रतिशत किस्ता रकम र कवोल अंकको नियमानुसार लाग्ने कर समेत चुक्ता गर्नु पर्नेछ। बांकी ५० प्रतिशत मध्ये २५ प्रतिशतले हुने रकम दोस्रो किस्ता वापत २०७९ साल कार्तिक मसान्त सम्म र बाँकी तेस्रो किस्ता वापतको २५ प्रतिशत रकम २०७९ साल फाल्गुण मसान्त सम्म चुक्ता गरिसक्नु पर्नेछ। धरौटी वापत जम्मा भएको रकमलाई अन्तिम किस्तामा मिलाउन पाईने छैन । म्याद भित्र कवुलियत गर्न नआएमा नियमानुसार अर्को दरभाउपत्रदातालाई ठेक्का दिईनेछ।

7= दरभाउपत्रदाताले दरभाउपत्र फाराममा उल्लिखित माल वस्तुहरुमा तोकिएको दररेट अनुसार (ट्रक, टिप्पर र डोजरको प्रत्यक टिप रु २३०/-, ट्याक्टरको प्रति टिप रु १७५/-, बस तथा मिनिबसको प्रति टिप रु ११५/-, जिप, कार, भेन समेतका चार पांग्रे सवारी साधनको प्रति टिप रु ५०/- र अटोरिक्साको प्रति टिप रु २० का दरले, (मुल्य अभिबृद्धि कर सहित) रकम उठाउनु पर्नेछ । संझौतामा उल्लेख नभएका सवारीसाधन र तोकिएको दरभन्दा बढी दररेटमा रकम उठाएमा प्रचलित कानून अनुसार कारवाही हुनेछ । कर उठाउन पाउने सवारीसाधनको विवरण र दररेट दरभाउपत्र फाराम साथ उपलब्ध गराईनेछ । दरभाउपत्रदाताले तोकिएको स्थलमा कर लाग्ने सवारीसाधन र तिनीहरुको दर स्पष्ट देखिने गरि सूचना पाटीमा टाँस्नु पर्नेछ । ठेक्काको रकम उठाउने सम्बन्धमा आवश्यक प्रबन्ध गर्ने समेतको सम्पुर्ण दायित्व दरभाउपत्रदाताको नै हुनेछ । उक्त कारोवार गर्दा वालश्रमको प्रयोग गर्न पाईने छैन र मजदुरको हकमा जिल्ला तथा गाउँपालिका दररेटमा कम नहुने गरी ज्याला दिनु पर्नेछ।

8= दरभाउपत्रदाताले गाउँपालिकाले तोकेको कर उठाउँदा प्रयोग गर्ने रसिद आफ्नै तर्फबाट छपाई सो रसिद यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ । उक्त रसिदमा स्थायी लेखा नं. उल्लेख गर्नु पर्नेछ साथै दररेट समेत रसिदमा नै उल्लेख गर्नु पर्नेछ र कति परिमाणमा रसिद प्रयोग भयो सोको विवरण चौमासिक रुपमा यस कार्यालयमा वुझाउनु पर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको उजुरी वा जानकारी आएमा नियमानुसार कारवाही हुनेछ।

9= विगत वर्षहरुमा ठेक्का लिई रकम बुझाउन बाँकी रहेका फर्महरुले बाँकी रकम चुक्ता नगरे सम्म र पेश्की/वेरुजु बाँकी हुनेले फछ्र्यौट नगरे सम्म ठेक्का प्रकृयामा सहभागी हुन पाउने छैनन्।

10= राष्ट्रिय राजमार्ग र सहायक राजमार्गहरुमा तगारो राखी कर संकलन गर्न पाईने छैन । सरकारी वा अन्य कुनै कर, शुल्क दरभाउपत्रदाता आफैले व्यहोर्नु पर्नेछ।

11= सरकारी कार्यालयबाट गरिने निर्माण कार्यहरुका प्रयोग हुने सवारीसाधनहरुमा गाउँपालिकाबाट लेखिए बमोजिम दरभाउपत्रदाताले छुट दिनु पर्नेछ।

12= वन्द हडताल विपत्ति वा कुनै पनि कारणले राजस्व उठाउन नपाएको भनी मिन्हाको माग दावी गर्न पाईने छैन।

13= प्राप्त दरभाउपत्रहरु स्वीकृत गर्ने नगर्ने वा आंशिक रुपले स्वीकृत गर्ने सम्पुर्ण अधिकार यसकार्यालयमा सुरक्षित रहनेछ।

14= ठेक्का अवधी समाप्त भएपछि धरौटी फिर्ता लिन र बैंक ग्यारेण्टी फुकुवा गर्न सम्बन्धीत आन्तरीक राजस्व कार्यालयको मूल्य अभिबृद्धि कर समायोजन पत्र पेश गर्नु पर्नेछ । आयकर तथा मुल्य अभिवृद्धिकर सम्बन्धमा प्रचलित आय कर ऐन तथा मु.अ.कर ऐन बमोजिम हुनेछ।

15= मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १५ (३) बमोजिम वोल अंकमा मूल्य अभिवृद्धि कर समेत जोडि असुल गरिनेछ।

16= माथि उल्लिखित शर्तहरुको उल्लघंन गरेमा दरभाउपत्रदाताको धरौटी जफत गरी ठेक्का समेत तोड्न सकिनेछ।

17= यसमा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन नियमानुसार हुनेछ।साथै संघीय/प्रदेश सरकार र यस गाउँपालिकाबाट समय समयमा गरिएका निर्देशनहरुको दरभाउपत्रदाताले पालना गर्नु पर्नेछ।

18= यस सम्बन्धमा अन्य कुनै थप जानकारी आवश्यक भएमा कार्यालय समयभित्र यस कार्यालय/राजस्व शाखामा सम्पर्क गर्न सकिनेछ।

19= सूचनाको शर्त बमोजिम तोकिएको समयभित्र सबैभन्दा वढी रकम ठेकेदार सम्झौता गर्न नआएमा निजले उक्त ठेक्काको लागि बोलपत्र/दरभाउपत्र साथ राखेको धरौटी रकम जफद गरी नियमानुसार बोलपत्र रकम जफद गरिनेछ ।